# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, असोज ५ गते २०५८ साल (अतिरिक्ताङ्क ३४

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट विभूषण (चौथो संशोधन) नियमावली, २०५८ बमोजिम श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाहलाई आज २०५८ साल असोज ५ गतेका दिन नेपाल अधिराज्यको मानपदवीहरूका पृथुलाधीश तोकिबक्सेको छ। साथै मौसूफबाट श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाहलाई नेपाल प्रतापभाष्करको मानपदवी पनि बक्सेको छ ।

### सूचना २

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बलबहादुर के.सी. दक्षिण कोरियाको सिउल तथा जापानको ओसाकामा आयोजना हुने विश्व पर्यटन संगठनको १४ औं साधारण सभामा भाग लिन २०५८ साल असोज ५ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय जलस्रोत मन्त्री श्री विजयकुमार गच्छदारले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,  
पशुपतिभक्त महर्जन  
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।